कार्यपालिकाको निर्णय

मितिः 2077/01/04

प्रमाणिकरण गर्नेः खेमराज ओली - अध्यक्ष

**"श्रमिक/अति विपन्न तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, 2076"**

कोभिड-19 को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित श्रमिक/अति विपन्न तथा असहायहरुलाई दैनिक जीवन यापनका लागि राहत उपलब्ध गराउन स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 102 को उपदफा (2) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले यो मापदण्ड तयार गरेको छ ।

**1. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस मापदण्डको नाम **"श्रमिक/अति विपन्न तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, 2076"** रहेको छ ।

(ख) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मका लागि लागु हुनेछ ।

(ग) यो मापदण्ड गुराँस गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

**2. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा-

(क) "श्रमिक/अति विपन्न" भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा 4, बमोजिमको श्रमिक, कामदार, विपन्न तथा मजदुर सम्झनु पर्दछ ।

(ख) "असहाय" भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गरुद्बारा चर्च वा वृद्बाश्रममा बस्ने व्यक्ति सम्झनु पर्दछ ।

(ग) "राहत" भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहले दफा 4 बमोजिमका श्रमिक/अति विपन्न तथा असहायहरुलाई प्रदान गरिने दफा 5 बमोजिमको सामाग्री सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिकालाई सम्झनु पर्छ ।

**3. अभिलेख राख्नु पर्नेः** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक/अति विपन्न तथा असहायहरुलाई सम्बन्धित वडा कार्यालयले अभिलेख राख्नु पर्नेछ ।

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख) आयात निर्यात सामाग्री भरिया, बाटोमा आवश्यक वस्तुहरु ओसार पसार गर्ने ब्यक्ति,

(ग) ट्रक, ट्रिपर, भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य ब्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरि काम गर्ने कृषि मजदुर,

(ङ) आफ्नो नातेदार बाहेकको ब्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने ब्यक्ति ।

(च) गिट्टि कुट्ने, बालुवा चाल्ने तथा ईट्टा भट्टामा काम गर्ने मजदुर,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङ्लो पसले, फुटापाथमा सामान बिक्रि वितरण गरि गुजारा गर्ने तथा अन्य ब्यक्तिको पसलमा काम गर्ने मजदुर ।

(झ) देहायका यातायात मजदुरः

1) अन्य ब्यक्तिको माल बाहक सवारी तथा डेलीभरी, भ्यान चलाउने सवारी चालक, सहचालक,

2) रिक्सा तथा ठेलागाडा चालक,

3) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर,

(ञ) अन्य ब्यक्तिको कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर,

(ट) गाउँपालिका क्षेत्रमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य ब्यक्ति ।

**4. राहत वितरण गर्नु पर्नेः** दफा 3 बमोजिमको लगतमा समावेश भएको श्रमिक/अति विपन्न तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूचि 2 बमोजिमको ढाँचामा विवरण राखि दफा 5 बमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ ।

**5. राहत सामाग्रीः** (1) खाद्य आवश्यकताका आधारमा श्रमिक/अति विपन्न तथा असहायहरुलाई प्रति परिवार देहायको सामाग्री राहत स्वरुप वितरण गरिनेछः

(क) चामल 30 किलोग्राम

(ख) दाल 3 किलोग्राम

(ग) नुन 2 प्याकेट

(घ) खाने तेल 2 लिटर

(ङ) साबुन 4 वटा

(2) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानि सम्बन्धित वडाले अभिलेख कायम गर्नु पर्नेछ । साथै, परिवार संख्या कायम गर्दा चार जना वा चार जना भन्दा कम भए उपदफा (1) बमोजिमको राहत सामाग्रीको आधा परिमाणमा हुन आउने राहत सामाग्री वितरण गरिनेछ ।

(3) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि श्रमिक/अति विपन्न तथा असहाय तथा तिनीसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(4) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै परिवारका एक भन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

(5) गाउँपालिकाबाट बितरण हुने राहत सामाग्री गुणस्तरिय, ताजा र म्याद नगुज्रेको हुनेछ ।

(6) आफ्नो नाममा कुनै फर्म, निर्माण इजाजत पत्र, स्थायी लेखा नं. (PAN) लगायतको अनुमति लिई कारोबारमा संलग्न व्यक्तिहरुलाई राहत उपलब्ध हुने छैन ।

**(6) वितरण गर्ने बिधिः**

(1) देहायको विधि अवलम्बन गरी दफा 5 बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछः

क) राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामाग्री खरिद गरी वितरण गर्ने ।

ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य ब्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने ।

(1) आफ्नो क्षेत्र भित्र दफा 5 बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूचि लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

(2) दफा 3 बमोजिमका लगतमा परेका श्रमिक/अति विपन्न तथा असहायहरुलाई वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यले कुपन उपलब्ध गराई उपखण्ड 1 बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

**7. साझेदारी तथा समन्वयः**

(1) कुनै निकाय, संघ संस्था तथा व्यक्तिले राहत सहायता दिन चाहेमा गाउँपालिकामा सम्पर्क गरी अनुमति लिनु पर्नेछ ।

(2) यस मापदण्डले तोकेको मापदण्ड अनुरुप सहयोग/राहत सामाग्रीहरु भएमा साझेदारी तथा समन्वयमा मापदण्ड बमोजिम वडा समिति मार्फत वितरण गर्नु पर्नेछ ।

**8. राहत वितरणको अभिलेख र प्रतिवेदनः**

(1) सम्बन्धित वडाले अनुसूचि -2 बमोजिमको राहत बितरणको अभिलेख आफ्नो कार्यालयमा साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ र एक प्रति गाउँपालिकामा पठाउनु पर्नेछ ।

(2) गाउँपालिकाले राहतको प्रतिवेदन अनुसूचि 3 बमोजिमको ढाँचामा मासिक/साप्ताहिक रुपमा जिल्ला प्रशासन कार्यालय/संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(3) गाउँपालिकाले राहत वितरणको नियमित अनुगमन गर्नेछ र राहत वितरणको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**9. कारवाही सम्बन्धि व्यवस्थाः**

(1) यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन ।

(2) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम गाउँपालिकाले निजबाट असुल गर्नु पर्नेछ ।

अनुसूचि - 1

(दफा 3 को उपदफा (ख) सँग सम्बन्धित)

अभिलेखको ढाँचा

<u>राहत प्राप्त गर्ने व्यक्तिको विवरणः</u>

1. नाम थरः 2. बाबुको नामः 3. बाजेको नामः

4. स्थायी ठेगानाः 5. हालको ठेगानाः

6. टेलिफोन वा मोबाईल नम्बर (भएमा)-

7. दैनिक ज्यालादारीमा कार्यरत स्थानः 8. गर्ने गरेको कामको विवरणः

9. पेश गरेको कागजातको विवरण (कम्तिमा कुनै एक कागजात संलग्न गर्नु पर्ने)

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख) गरिब घर परिवार परिचय पत्रको प्रतिलिपि वा

ग) सवारी चालक अनुमति पत्रको पत्रको प्रतिलिपि वा

घ) अन्य

10. राहत लिने व्यक्तिको स्वःघोषणाः

म र मेरो परिवारको सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सामाग्री दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठिक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

औँठाको सहि छाप

निवेदक दायाँ बाँया

दस्तखतः

मितिः

सिफारिस गर्ने पदाधिकारीः

दस्तखतः

नामः

पदः

वडा नं.

मितिः

अनुसूचि - 2

(दफा ४ सँग सम्बन्धित)

गुराँस गाउँपालिका

वडा नं. ...

राहत वितरणको अभिलेख

| सि. नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखतः

नाम थरः

टेलिफोन नं.

अनुसूचि 3

(दफा 8 को उपदफा 2 सँग सम्बन्धित)

गुराँस गाउँपालिका, दैलेख

प्रतिवेदनको ढाँचा

| सि. नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

<u>निवेदन गर्नेकोः</u>

दस्तखतः

नाम थरः

टेलिफोन नं.